गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

# कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७५/०९/२२ गते**

यस कार्यालयको मिति २०७५/०९/२० गतेको निर्णयानुसार तपशिल बमोजिमका योग्यता, अनुभव भएका ईच्छुक नेपाली नागरिकहरुलाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र लोकसेवा आयोगको निर्धारित फाराममा दरखास्त आह्वानका लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| क्र.सं. | विज्ञापन नं. | पद | माग पद विवरण | |
|---|---|---|---|---|
| | | | सेवा/समूह | माग संख्या |
| १ | २-०७५/७६ | वातावरण ईन्जिनियर | ईन्जि. | १ (एक) |
| २ | ३-०७५/७६ | सामाजिक विकास अधिकृत | प्रशासन | १ (एक) |

१. **वातावरण ईन्जिनियर पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**
- लोकसेवा आयोगले लिने वातावरण ईन्जिनियर पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट वातावरण ईन्जिनियरिङ्ग तथा सो संग सम्बन्धीत विषयमा स्नातक तह उत्तीर्ण गरेको,
- नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको हुनुपर्ने,
- पद संग सम्बन्धीत ३ वर्षको कार्य अनुभव भएको हुनुपर्नेछ,
- वातावरणिय व्यवस्थापनका उपकरणहरु, वातावरण संरक्षण तथा नेपालमा प्रचलित कानूनहरु, IEE र EIA व्यवस्थापन सम्बन्धी जानकार भएको हुनुपर्नेछ,
- माईक्रोसफ्ट अफिस र अन्य कम्प्युटर सम्बन्धी ज्ञान भएको,
- GIS र अन्य Graphics Software सम्बन्धी दख्खल भएको ।

२. **समाजिक विकास अधिकृत पदका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता :**
- लोकसेवा आयोगले लिने सामाजिक विकास अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्रापत शिक्षण संस्थाबाट सामाजिक विज्ञान, व्यवस्थापन, वाणिज्य प्रशासन तथा अन्य सम्बन्धीत विषयमा स्नातक तह उत्तिर्ण गरेको,
- पद संग सम्बन्धीत ३ वर्षको कार्य अनुभव भएको,
- माईक्रोसफ्ट अफिस र अन्य कम्प्युटर सम्बन्धी ज्ञान भएको,
- संगठनात्मक विकास, सम्बन्ध विस्तार तथा अन्तर व्यक्ति विकास सम्बन्धी सिप तथा ज्ञान निहित भएको,
- समस्याहरुको पहिचान तथा समाधान सम्बन्धी ज्ञान प्राप्त भएको,
- गुणस्तरिय रिर्पोट लेखन क्षमता भएको,
- सामाजिक, आर्थिक, वातावरणिय विषयहरुमा ज्ञान तथा अनुभव प्राप्त गरेको,
- स्थानीय तहहरुको भूमिका, जिम्मेवारी, चुनौती तथा मुद्धाहरुका बारेमा ज्ञान प्राप्त भएको,
- अङ्ग्रेजी भाषामा दख्खल भएको,

३. **उमेरको हद :** २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको,
४. **सेवा प्रकार :** करार
५. **सेवा सुविधा :** नियमानुसार
६. **सेवा अवधि :** २०७६ असार मसान्त सम्म (पछि कार्य सम्पादनको आधारमा म्याद थप गर्न सकिने) ।
७. **व्यक्तिगत विवरण :**
   क. निवेदनको साथमा व्यक्तिगत (Bio-data) विवरण ।
   ख. शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ।
   ग. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।
   घ. दरखास्त दिने पदसंग मिल्ने अनुभव खुल्ने अन्य कागजात भए सो समेत ।
८. **दरखास्त दिने अन्तिम मिति :** २०७५/१०/०६ गते कार्यालय समय भित्र ।
९. **सम्पर्क मिति :** पछि कार्यालयमा सूचना टाँस गरि वा टेलिफोन वा इमेल मार्फत जानकारी गराईने ।
१०. **परिक्षाको किसिम :** लिखित, मौखिक र कम्प्युटर सिप/प्रयोगात्मक ।
११. **परिक्षा दस्तुर :** रु. १,०००।- (रु. एक हजार)

**नोट :** अन्य थप कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्न हुन अथवा फोन.नं. ०९१-५०८००१, ५५०३०५ मा सम्पर्क राख्न सक्नु हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत